नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चामे, मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: daomanang@moha.gov.np

प.सं. : ०७९/८०
च.नं.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

## जिल्ला प्रशासन कार्यालय, मनाङको सार्वजनिक सूचना !!!

रंगको माध्यमबाट एक अर्कामा खुसी साटासाट गर्ने रंगको पर्व फागुपूर्णिमा (होली)को अवसरमा सम्पूर्ण जिल्लावासीहरुमा सुख शान्ति, प्रगति तथा आपसी सद्भाव र सौहार्दता अधिवृद्धि गर्न सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

फागुपूर्णिमा पर्व मनाउने नाममा व्यक्तिको इच्छा विपरित जथाभावी रंग दल्ने, लोला हान्ने, बाटो ढुकेर बटुवालाई रंग लगाउने, बाटो अवरोध गरी सवारी साधनबाट रकम असुल्ने, सार्वजनिक स्थलहरुमा होहल्ला गरी सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुराउने जस्ता अराजक, उच्छृङखल एवम् अवाञ्छित कार्यहरु नगर्न/ नगराउनुहुन साथै वातावरण तथा जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने खालका वस्तु तथा केमिकल सामग्रीहरुको प्रयोग नगर्न/नगराउन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ। यदि यो सूचनाको अवज्ञा गरी कानून विपरितका क्रियाकलाप भए गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

मितिः २०७९/११/२१ गते।

२०७९/११/२१

(शिशिर घिमिरे)
सहायक प्रमुख जिल्ला अधिकारी